# पाठ २४

१. अब्राहामकी स्वास्नी सारा मरेपछि अब्राहामले तिनका छोरा इसहाकलाई सान्त्वना दिन के गरे ?

- अब्राहामले तिनका छोरा इसहाकको निम्ति श्रीमती फेला पारे ।

२. इसहाककी स्वास्नीको नाउँ के थियो ?

- रिबेका ।

३. रिबेकाले जुम्ल्याहा सन्तान जन्माउनुभन्दा पहिल्यै परमेश्वरलाई तिनीहरूको बारेमा सबै कुरा कसरी थाहा भयो ?

- परमेश्वरलाई सबै मानिसहरूको सबै कुरा थाहा हुन्छ ।

- परमेश्वरबाट लुक्ने कुरा केही पनि छैन ।

४. रिबेकाले जन्माएका जुम्ल्याहा दाजुभाइको नाउँ के थियो ?

- एसाव र याकूब ।

५. के एसाव परमेश्वरमा विश्वास गर्थे ?

- गर्दैनथे ।

६. के याकूबले परमेश्वरमा विश्वास गर्थे ?

- गर्थे ।

७. परमेश्वरले किन याकूबको वंशबाट उद्धारकर्ता पठाउन छान्नुभयो ?

- किनभने एसावले परमेश्वरमा विश्वास गरेनन् ।

८. परमेश्वरले तिनलाई दिनुभएको सपनामा याकूबले के देखे ?

- याकूबले एउटा भऱ्याङ देखे ।

९. भऱ्याङको फेदले कहाँ छोएको थियो ?

- भर्‌याङको फेदले जमिनमा छोएको थियो ।

१०. भऱ्याङको टुप्पो कहाँ पुगेको थियो ?

- भऱ्याङको टुप्पो स्वर्गसम्मै पुगेको थियो ।

११. भर्‌याङको फेदले जमिन छोएको र टुप्पो स्वर्गसम्मै पुगेको कुराको अर्थ के हो ??

- भर्‌याङले स्वर्ग र धर्तिलाई सँगै जोडेको थियो ।

१२. परमेश्वरले किन याकूबलाई यो सपना देखाउनुभयो ?

- परमेश्वरले आउनुहुने उद्धारकर्ताको बारेमा याकूबलाई सिकाइरहनुभएको थियो ।

१३. परमेश्वरले याकूबलाई उद्धारकर्ताको बारेमा के सिकाइरहनुभएको थियो ?

- भऱ्याङले स्वर्ग र पृथ्वीलाई जोडेजस्तै परमेश्वरले उद्धारकर्ता पठाउनुहुनेवाला थियो जसले मानिस र परमेश्वरलाई जोड्नुहुनेथियो ।

१४. परमेश्वर किन उद्धारकर्ता पठाउनेछु भनी गरेको प्रतिज्ञा भुल्नुहुन्न ।

- किनभने परमेश्वर परिवर्तन हुनुहुन्न ।
- किनभने परमेश्वर भुल्नुहुन्न ।
- किनभने परमेश्वर उहाँको प्रतिज्ञा जहिल्यै कायम राख्नुहुन्छ ।

१५. याकूबले हारानमा धेरै वर्ष बसोबास गरेपछि परमेश्वरले तिनलाई के भन्नुभयो ?

- परमेश्वरले याकूबलाई हारान छोडेर कनानको भूमिमा फर्किजान भन्नुभयो ?
- कसले याकूबको सुरक्षा गर्नुभयो र तिनलाई हारानको भूमिबाट कनानको भूमिमा सुरक्षित पुऱ्याउनुभयो ?

- परमेश्वरले ।

आउनुस् उत्पत्ति ३७:१ पद पढौं ।

याकूब रोकियो अनि कनान देशमा बस्न थाल्यो। यो त्यही देश हो जहाँ उसको बाबु बसेको थियो।

- परमेश्वरले याकूबलाई दिनुभएको नयाँ नाउँ के थियो ?

- इस्रेल ।

आउनुस् उत्पत्ति ३७:३ पद पढौं ।

3 इस्राएल बूढो भइसकेपछि यूसुफ जन्मेको थियो। यसकारण इस्राएलले यूसुफलाई अरू छोराहरूलाई भन्दा बढी माया गर्थ्यो। याकूबले आफ्नो छोरोलाई एक विशेष लामो र अत्यन्तै राम्रो कोट दियो।

- याकूबका कति जना छोरा थिए ?

- बाह्र जना ।

- याकूबका बाह्र जना छोराहरू थिए तर तिनले एकजनालाई अरू सबैलाई भन्दा धेरै माया गर्थे ।

- याकूबले धेरै माया गर्ने छोराको नाउँ के थियो ?

- योसेफ ।

- किनभने याकूबले योसेफलाई धेरै माया गर्थे त्यसैले तिनले योसेफको लागि गहनाहरूको बुट्टा भरेको राम्रो लबेदा बनाइदिए ।

- किनभने याकूबले योसेफलाई अरू छोराहरूभन्दा धेरै माया गर्थे त्यसैले योसेफको बारेमा अरू छोराहरूले के विचार गर्थे ?

- तिनीहरू योसेफको डाह गर्थे र तिनलाई घृणा गर्थे ।

- जोसेफका दाइहरूले तिनलाई यसकारणले पनि घृणा गर्थे किनभने तिनीहरूले गरेका गलत कुराहरूको पोल जोसेफले तिनका बाबुलाई लगाइदिन्थे ।

आउनुस् उत्पत्ति ३७:२ र ४ पद पढौं ।

2 याकूबको परिवारको कथा यही हो। यूसुफ सत्र बर्षको युवक थियो। उसको काम भेंडा-बाख्रा हेरचाह गर्नु थियो। उनले यो काम आफ्नो दाज्यू-भाइ र जिल्पा र बिल्हाका छोराहरूसित गर्यो। (जिल्पा र बिल्हा उसको बुबाकी उप-पत्नीहरू थिए।) यूसुफ आफ्नो बुबालाई

उसका दाज्यूहरूले गरेका सबै दुष्टकर्मको विषयमा जानकारी दिने गर्दथ्यो।

[4] यूसुफका अरू दाज्यू-भाइहरूले जब यो थाहा पाएँ कि तिनीहरूका बुबा उनीहरूलाई भन्दा बढी यूसुफलाई माया गर्थे। यसैकारण तिनीहरू आफ्नो भाइलाई घृणा गर्थे। तिनीहरू उसित राम्रो प्रकारले कुरा गर्न अप्ठ्यारो गर्द थिए।

- मानिसहरू अरू मानिसहरूसँग किन रिसाउँछन् ?
- मानिसहरू अरू मानिसहरूलाई किन घृणा गर्छन् ?
- किनभने हरेक मानिस परमेश्वरबाट अलग भएर जन्मिएको छ ।
- किनभने हरेक मानिस हृदयमा पाप बोकेर जन्मिएको छ ।
- किनभने हरेक मानिस शैतानको सन्तान भएर जन्मिएको छ ।
- योसेफका दाइहरूले योसेफलाई घृणा गर्थे किनभने तिनीहरू परमेश्वरबाट अलग भएर जन्मिएका थिए ।
- योसेफका दाइहरू योसेफलाई घृणा गर्थे किनभने तिनीहरू हृदयमा पाप बोकेर जन्मिएका थिए ।

- योसेफका दाइहरू योसेफलाई घृणा गर्थे किनभने तिनीहरू शैतानका सन्तान भएर जन्मिएका थिए ।
- हरके मानिस परमेश्वरबाट अलग भएर जन्मिएको छ र यसलाई हामी आफैले परिवर्तन गर्न सक्दैनौं ।
- हरेक मानिस हृदयमा पाप बोकेर जन्मिएको छ र त्यसलाई हामी आफैले परिवर्तन गर्न सक्दैनौं ।
- हरेक मानिस शैतानको सन्तान बनेर जन्मिएको छ र त्यसलाई हामी आफैले परिवर्तन गर्न सक्दैनौं ।
- एकदिन परमेश्वरले योसेफलाई सपनामा यस्तो देखाउनुभयो ।

आउनुस् उत्पत्ति ३७:५-८ पद पढौं ।

5 एकपल्ट यूसुफले एउटा विशेष सपना देख्यो। पछि उनले आफ्नो
दाज्यू-भाइहरूलाई त्यस सपनाको बारेमा भन्यो। त्यसपछि उसका
दाज्यू-भाइहरूले झन् वेशी घृणा गर्न थाले।

6 यूसुफले भने, “मैले एउटा सपना देखें। 7 हामीहरू सबै खेतमा काम
गर्दैथियौं। हामीहरू सबैले मिलेर गहुँको बिटा बाँध्दै थियौं। मैले

बाँधेको बिटा अनि तिमीहरूले बाँधेको बिटाहरूले मेरो बिटालाई चारै तिरबाट घेर्यो। त्यसपछि तिमीहरूको बिटाले मेरो बिटालाई निहुरिएर ढोग्यो।"

8 यूसुफका दाज्यू-भाइहरूले भने, "के यसको अर्थ, तँ राजा हुन्छस् अनि हामीहरू सबैलाई शासन गर्छस्?" उसको दाज्यू-भाइहरूले ऊ माथि अझै धेरै घृणा गर्न थाले, कारण तिनीहरूको विषयमा उसले सपना देखेको थियो।

- परेश्वरले योसेफलाई देखाउनुभएको सपना के थियो ?
- सपनामा योसेफ र तिनका दाजुहरूले अङ्गुरका बिटा बाँधिरहेका थिए ।
- त्यसपछि योसेफको अङ्गुको बिटालाई अरू दाइहरूका बिटाले झुकेर प्रणाम गरे ।
- परमेश्वरले योसेफलाई देखाउनुभएको सपनाको कारणले गर्दा योसेफका दाइहरूले तिनलाई झन् घृणा गर्न थाले ।
- केही समयपछि परमेश्वरले योसेफलाई अर्को सपना देखाउनुभयो ।

आउनुस् उत्पत्ति ३७:९-११ पद पढौं ।

9 तब फेरि यूसुफले अर्को सपना देख्यो। यूसुफले यस सपना बारेमा
पनि आफ्नो दाज्यू-भाइहरूलाई बतायो। उनले भने, "मैले अर्को सपना
देखें। मैले घाम, जुन र एघार नक्षत्रहरूले मलाई ढोग गर्दै गरेको
देखें।"

10 उनले आफ्नो बाबुलाई पनि त्यस सपना बारे भन्यो। तर उसको
बाबुले त्यो सपनाको विषयमा आलोचना गरे। उसका बाबुले भने, "यो
कस्तो प्रकारको सपना हो? के तँलाईं विश्वास हुन्छ तेरी आमा, तेरो
दाज्यू-भाइहरू अनि म तँलाई ढोग्छौं।"
11 यूसुफका दाज्यू-भाइहरूले
साह्रै ईर्ष्या गरिरहे। तर उसको बाबुले यी विषयमा धैरै गहिरिएर
सोचे अनि विचार गरे यो सबको अर्थ के हुन सक्छ?

- परमेश्वरले योसेफलाई देखाउनुभएको दोस्रो सपना के थियो ?
- सपनामा त्यहाँ सूर्य, चन्द्रमा र ताराहरू थिए ।

- त्यसपछि सूर्य, चन्द्रमा र एघारवटा ताराहरूले योसेफलाई झुकेर प्रणाम गरे ।
- सपनमा सूर्य को थियो ?
- योसेफका बुबा ।
- सपनामा चन्द्रमा को थियो ?
- योसेफकी आमा ।
- सपनामा एघारवटा ताराहरू को थिए ?
- योसेफका एघारजना दाजुहरू ।
- दुवै सपनाको अर्थ के थियो ?
- एकदिन परमेश्वरले योसेफलाई मुखिया बनाउनुहुनेछ र योसेफको परिवारले तिनलाई झुकेर प्रणाम गर्नेछन् ।
- योसेफको भविष्य कसलाई थाहा थियो र तिनलाई तिनको भविष्य सपनाद्वारा देखायो ?
- परमेश्वरलाई ।
- योसेफको भविष्य परमेश्वरलाई थाहा भएजस्तै परमेश्वरलाई हाम्रो भविष्य थाहा छ ।

- हाम्रो भविष्यको बारेमा परमेश्वरलाई कति थाहा छ ?
- परमेश्वरलाई हाम्रो भविष्यको सबै कुरा थाहा छ ।
- परमेश्वरले योसेफलाई देखाउनुभएको सपनाको कारणले गर्दा योसेफका दाइहरूले तिनलाई अझ बढी घृणा गरे ।
- एकदिन योसेफ तिनका दाइहरूलाई भेट्न जङ्गलमा गए ।

आउनुस् उत्पत्ति ३७:१७ख-२० पदसम्म पढौं ।

यसर्थ यूसुफ उनीहरू गए तिरै गए अनि तिनीहरूलाई दोतानमा
भेट्टायो। [18] यूसुफका दाज्यू-भाइहरूले उसलाई टाढाबाट आउँदै गरेको
देखे। उनीहरूले उसलाई मार्ने निश्चय गरेर एउटा योजना बनाए।
[19] उनका दाज्यू-भाइहरूले एक अर्कालाई भने, "हेर, सपनादर्शी यूसुफ
आउँदैछ। [20] यदि हामीले सक्छौ भने उसलाई अवश्य मार्नु पर्छ।
हामीले उसको शरीर एउटा रित्तो कुवामा फ्याँक्नु पर्छ। तब हामी
आफ्नो बुबालाई भन्न सक्छौ, जंङ्गली जनावरले उसलाई मार्यो। तब
हामी हेरौं उसको सपना के हुन्छ।"

- योसेफका दाइहरूले तिनलाई धेरै घृणा गर्नेहुनाले तिनीहरूले योसेफलाई मार्ने मतो गरे ।

- तर योसेफका जेठा दाजु रूबेनले योसेफलाई बचाउने निर्णय गरे ।

आउनुस् उत्पत्ति ३७:२१-२४ पद पढौं ।

[21] तर रूबेनले यूसुफलाई बचाउन चाहन्थ्यो। रूबेनले भने, "त्यसलाई
हामी नमारौं। [22] हामी त्यसलाई चोट नलगाई कूवामा हाल्न सक्छौं।"
रूबेन उसलाई बचाउन अनि बाबु भएको ठाउँमा फिर्ता पठाउन
चाहन्थ्यो। [23] जब यूसुफ आफ्नो दाज्यूहरू कहाँ पुग्यो, तिनीहरूले
उसलाई एक्कासी समाते अनि उसको लामो अनि सुन्दर कोट
च्यातच्यूत पारे। [24] त्यसपछि तिनीहरूले उसलाई एउटा खाली सुख्खा
कूवामा फ्याँकि दिए।

- योसेफका दाइहरूले तिनलाई के गरे ?

- तिनहरूले तिनको लबेदा फुकाले र तिनलाई एउटा सुखा कुवामा खसालिदिए ।

- योसेफका दाइ रूबेन त्यहाँबाट गइसकेपछि बाँकी रहेका दाइहरूले योसेफलाई के गरे ?

आउनुस् उत्पत्ति ३७:२५-२८ पद पढौं ।

25 जब यूसुफ कूवाभित्र थियो उसका दाज्यू-भाइहरू खान बसे।
तिनीहरूले हेरे अनि एक हुल व्यापारीहरू गिलाददेखि मिश्रतिर यात्रा
गर्दै गरेको देखे। तिनीहरूले ऊँटहरूमाथि धेरै प्रकारका मसला र धन-
दौलत लाँदै थिए। 26 यहूदाले दाज्यू-भाइहरूलाई भने, "हामीले आफ्नो
भाइ मारेर त्यसको मृत्यु लुकाएर के पाउँछौं? 27 बरू हामीहरूले
त्यसलाई ती व्यापारीहरूलाई बेच्दा लाभ हुन्छ। हामीले आफ्नो
भाइलाई मारेकोमा दोषी पनि हुँदैनौ।" अरू दाज्यू-भाइहरू सहमत
भए। 28 जब ती मिद्यानी व्यापारीहरू नजिक आए, तिनीहरूले
यूसुफलाई कूवाबाट बाहिर निकाले। तिनीहरूले यूसुफलाई बीसवटा
चाँदीका टुक्रामा बेचे। ती व्यापारीहरूले यूसुफलाई मिश्र लिएर गए।

- योसेफका बाँकी दाइहरूले तिनलाई दासहरूको कारोबार गर्नेहरूको हातमा दास बनाउन बेचिदिए ।

- दासहरूको कारोबार गर्नेहरूले योसेफलाई कहाँ पुर्‍याए ?

- मिश्रमा ।

- रूबेन फर्किएपछि बाँकी दाइहरूले के गरे ?

आउनुस् उत्पत्ति ३७:२९-३१ पद पढौं ।

[29] यी सब घट्ना हुँदा रूबेन त्यहाँ आफ्नो दाज्यू-भाइहरूसित
थिएन। तिनीहरूले यूसुफलाई बेचेको उनले थाहा पाएन। जब रूबेन
कूवामा आयो उनले त्यहाँ यूसुफलाई देखेन। शोक प्रकट गरेर
उनले आफ्नो लुगाहरू च्यात्यो। [30] रूबेनले आफ्ना दाज्यू-भाइहरू
भएको ठाउँमा गएर भने, "त्यो केटो कूवाँमा छैन। मैले के गर्नु?"
[31] ती दाज्यू-भाइहरूले एउटा बोका मारे अनि त्यसको रगत त्यो
राम्रो लबेदामा लगाए।

- योसेफका दाइहरूले योसेफको लबेदा लिए, एउटा बाख्रो काटे र योसेफको लबेदा त्यही बाख्राको रगतले पोते ।

- त्यसपछि योसेफका दाइहरूले त्यही रगतले लतपतिएको योसेफको लबेदा लगेर तिनका बाबुकहाँ गए ।

आउनुस् उत्पत्ति ३७:३२-३७ पद पढौं ।

32 तब तिनीहरूले त्यो लबेदा आफ्नो बाबुलाई देखाए। अनि
तिनीहरूले सोधे, "हामीले यो लबेदा पायौं, के यो लबेदा यूसुफको
हो?"

33 तिनीहरूका बुबाले कोट देखे अनि बुझे, कि यो यूसुफको कोट
थियो, तिनीहरूका बुबाले भने, "हो, यो उसको कोट हो। जंङ्गली
जनावरले मेरो छोरा यूसुफलाई मारेर खाएको हुनुपर्छ।" 34 याकूब
आफ्नो छोरोको निम्ति यति शोकाकुल भयो उसले आफ्नो लुगाहरू
च्यात्यो। तब उनले आफ्नो शोक प्रकट गर्न एक खास प्रकारको
लुगा लगायो। याकूबले छोरोको शोक धेरै लामो समयसम्म मनायो।
35 उसका सबै छोरा-छोरीहरूले तिनलाई सान्त्वना दिने प्रयास गरे।
तर याकूब कहिल्यै शोकबाट मुक्त भएन। उनले भने, "मेरो छोरोको
निम्ति म नमरून्जनेलसम्म शोकमा रहनेछु।" यसर्थ याकूब पुत्र
शोकमा परिरह्यो।

36 ती मिद्यानी व्यापारीहरूले मिश्र देशमा यूसुफलाई बेचे। फिरऊनका रक्षकहरूका कप्तान पोतीफरलाई तिनीहरूले यूसुफलाई बेचे।

- योसेफका दाइहरूले तिनलाई दासको रूपमा बेचे ।
- योसेफका दाइहरूले त्यसपछि तिनीहरूका बाबुलाई छल गरे ।
- याकूबले योसेफ मरे भनी ठाने ।
- योसेफका दाइहरूले योसेफलाई घृणा गरे ।
- योसेफका दाइहरूले योसेफप्रतिको घृणाले तिनीहरूलाई योसेफलाई दास बनाउन बेच्ने तुल्यायो ।
- योसेफका दाइहरूको योसेफप्रतिको घृणाले तिनीहरूलाई तिनीहरूका बाबुलाई छल गर्ने तुल्यायो ।
- घृणाले सधैं अरू बढी पापतिर लान्छ ।
- योसेफ कहाँ थिए ?
- योसेफ मिश्रमा थिए ।

आउनुस् उत्पत्ति ३९:१ पद पढौं ।

जुन व्यापारीले यूसुफलाई किन्यो उनले यूसुफलाई मिश्र देशमा लिएर गए। उनले यूसुफलाई फिरऊनको अगंरक्षकहरूको सेनापतिलाई बेचिदियो।

- दासहरूको कारोबार गर्नेहरूले योसेफलाई कसको हातमा बेचे ?
- पोतिफर ।
- के परमेश्वरले योसेफलाई केही संशोधन गर्नुभयो ?
- भएन ।
- जसले परमेश्वरमा विश्वास गर्छ त्यसलाई परमेश्वरले कहिल्यै संशोधन गर्नुहुन्न ।
- परमेश्वर योसेफसँग सधैं हुनुहुन्थ्यो ।
- पोतिफरले तिनलाई घरमा ल्याइसकेपछि योसेफलाई के भयो ?

आउनुस् उत्पत्ति ३९:२-६ पद पढौं ।

2 तर परमप्रभुले यूसुफलाई सहायता गर्नु भयो। यूसुफ एउटा सफल मानिस भयो। यूसुफ आफ्नो मिश्री मालिक पोतीफरको घरमा बस्यो।

[3] पोतीफरले थाहा पायो परमप्रभुले यूसुफलाई सहायता गर्नु भएको
छ। उनले यो पनि थाहा पायो यूसुफले जे गर्छ त्यसमा उसलाई
सफल पार्न परमप्रभुले सहायता गर्नु भएको हुन्छ। [4] यसकारण
यूसुफलाई पाएर पोतीफर अत्यन्तै खुशी थियो। पोतीफरले उसलाई
आफ्नो काम गराउन तथा घरमा व्यवस्था मिलाउने काममा लगायो।
पोतीफरको प्रत्येक कुरोमा उसको अधिकार थियो। [5] जब यूसुफ
पोतीफरको घरमा प्रत्येक चीजको अधिकारी बनियो तब परमप्रभुले
पोतीफरको घरमा रहेको प्रत्येक चीजमा आशीर्वाद दिनुभयो।
परमप्रभुले यूसुफको कारणले यसो गर्नु भयो अनि पोतीफरको
खेतीमा उब्जने प्रत्येक चीजलाई परमप्रभुले आशीर्वाद दिनु भयो।
[6] यसैले पोतीफरले यूसुफलाई आफ्नो घरको प्रत्येक चीजको
जिम्मावारी लगायो। पोतीफरले कुनै कुराको चिन्ता गर्दैनथ्यो ऊ
खाली आफ्नो भोजनको विषयमा मात्र चिन्ता गर्दथ्यो।

- यद्‌यपि योसेफका दाइहरूले तिनलाई घृणा गरे परमेश्वरले योसेफसँगको सम्बन्ध संशोधन गर्नुभएन ।

- यद्यपि योसेपका दाइहरूले तिनलाई दासका रूपमा बेचिदिए तर परमेश्वरले तिनीसँगको सम्बन्ध संशोधन गर्नुभएन ।
- किनभने योसेफले परमेश्वरमा विश्वास गरे त्यसैले परमेश्वरले तिनलाई आशिष् दिनुभयो ।
- एकदिन पोतिफर घरमा नभएका बेला योसेफमाथि केही घटना भयो ।

आउनुस् उत्पत्ति ३९:६ख-१५ पद पढौं ।

यूसुफ अत्यन्तै सुन्दर र राम्रो थियो। [7] केही समयपछि यूसुफको मालिककी पत्नीले उसलाई प्रेम गर्न थालीन्। एकदिन उनले भनिन्, “मसँग सुत्।”

[8] तर यूसुफ मानेन। उनले भने, “मेरो मालिक यस घरको प्रत्येक चीजको निम्ति मलाई विश्वास गर्छन। उनले यस घरको प्रत्येक चीजको लागि मलाई जिम्मावारी दिएका छन्। [9] मेरा मालिकले मलाई आफू समान सम्झन्छन्। तर मैले उसकी पत्नीसित सुत्नु हुँदैन। यो उचित होइन। यो परमेश्वरको बिरूद्धमा पाप हो।”

[10]त्यो स्त्रीले प्रत्येक दिननै यूसुफसित कुरा गर्थी। तर यूसुफले
ऊसित सुत्न अस्वीकार गर्दथियो। [11]एक दिन यूसुफ आफ्नो कामको
निम्ति घरभित्र पसेको थियो। त्यस बेला लोग्ने मानिस त्यस घरमा
ऊ मात्रै थियो। [12]उसका मालिककी पत्नीले यूसुफको लुगा समाती
अनि उसलाई भनी, "तिमी मसित ओछ्यानमा आऊ।" तर यूसुफ
त्यहाँबाट यति चाँडो भाग्यो कि उसको लुगा मालिककी पत्नीको
हातमा नै रह्यो।

[13]त्यस मानिसकि पत्नीले देखी उसको लुगा उसैको हातैमा थियो
अनि यूसुफ घरदेखि बाहिर भागेर गए। यसर्थ उनले निश्चय गरी जे
भएको थियो त्यस विषयमा झूटो प्रचार गर्नुपर्छ। [14]ऊ बाहिरका
मानिसहरूलाई बोलाउन गई। उनले भनी, "हेर, यो हिब्रू कमारा हाम्रो बेइज्जत गर्न यहाँ आएको थियो। ऊ भित्र आयो अनि मसित सुत्ने
कोशिश गर्यो, तर म साह्रै चिच्याएँ। [15]म चिच्चाएकोले गर्दा त्यो
डरायो अनि यहाँबाट भाग्यो। तर उनले आफ्नो कोट मसितै छोडेर
गयो।"

- किनभने योसेफले परमेश्वरमा विश्वास गरे त्यसैले तिनले पोतिफरको स्वास्नीसँग यौन सम्पर्क गर्न अस्वीकार गरे ।
- किनभने योसेफले पोतिफरकी स्वास्नीसँग यौन सम्पर्क गर्न अस्वीकार गरे त्यसैले पोतिफरको स्वास्नीले योसेफको बारेमा झूठो कुरा गरी ।
- जब पोतिफर घरमा आयो त्यसपछि के भयो ?

आउनुस् उत्पत्ति ३९:१६-२० पद पढौं ।

16 यसकारण उनले आफ्नो लोग्ने घर फर्कुन्जेलसम्म त्यो लुगा
आफूसँगै राखी। 17 अनि उनले आफ्नो लोग्नेलाई त्यही कथा सुनाई।
उनले भनिन, "तिमीले ल्याएको हिब्रू दासले मसित ब्यभिचार गरेर
लज्जित पार्यो। 18 जब ऊ मकहाँ आयो म चिच्चाएँ अनि त्यो भाग्यो
तर त्यसले आफ्नो लुगा छोडेर गयो।"

19 जति बेला यूसुफको मालिकले कथा सुने, तिनी साह्रै नै रिसाए।
20 त्यहाँ एउटा झ्यालखाना थियो अनि त्यसमा राजाका शत्रुहरूलाई

राखिन्थ्यो। पोतीफरले यूसुफलाई त्यही झ्यालखानामा राख्यो अनि यूसुफ त्यही बसिरह्यो।

- जब पोतिफर घर फर्कि आयो त्यसले आफ्नी स्वास्नीको झूठ पत्यायो र जोसेफलाई झ्यालखानमा जाकिदियो ।
- जब योसेफ झ्यालखानमा परिरहेका थिए के उहाँले तिनीसँगको सम्बन्ध संशोधन गर्नुभयो ?
- गर्नुभएन ।
- जसले उहाँमा विश्वास गर्छ त्यससँगको सम्बन्ध परमेश्वरले कहिल्यै संशोधन गर्नुहुँदैन ।
- परमेश्वर योसेफसँग हरदम हुनुहुन्थ्यो ।
- योसेफ जेलमा छँदा पनि परमेश्वर तिनीसित हुनुहुन्थ्यो ।

आउनुस् उत्पत्ति ३९:२०ख-२३ पद पढौं ।

पोतीफरले यूसुफलाई त्यही झ्यालखानामा राख्यो अनि यूसुफ त्यही बसिरह्यो। [1]तर परमप्रभु यूसुफसित हुनुहुन्थ्यो। उहाँ सधैँ ऊसँग दयालु हुनुहुन्थ्यो। [22]उहाँले अरू कैदीहरूको प्रमुख यूसुफलाई

बनाए अनि एक रक्षकबाट गरिनु पर्ने प्रत्येक कुरो तिनलाई गर्न लगाए। [23]रक्षकहरूका अधिकारीले झ्यालखानको सबै कुराहरूमा यूसुफमाथि विश्वास गर्थे। यस्तो यसकारण हुने भयो कारण परमप्रभुले यूसुफलाई सहायता गर्नुहुन्थ्यो। यूसुफले जे गर्थ्यो परमप्रभुले उसलाई सफल गराउनु हुन्थ्यो।

- यद्यपि योसेफका दाइहरूले योसेफलाई घृणा गरे तर पनि योसेफले अझै परमेश्वरमा विश्वास गर्थे ।
- यद्यपि योसेफका दाइहरूले तिनलाई दासको रूपमा बेचिदिए तर पनि योसेफले अझै परमेश्वरमा विश्वास गर्थे ।
- यद्यपि पोतिफरकी स्वास्नीले योसेफको बारेमा झूठो कुरा गरी तर पनि योसेफले अझै परमेश्वरमा विश्वास गर्थे ।
- यद्यपि योसेफ झ्यालखानमा परेका थिए तर पनि योसेफले अझै परमेश्वरमा विश्वास गर्थे ।
- योसेफलाई झ्यालखानमा कसले सुरक्षा दियो ?
- परमेश्वरले ।
- परमेश्वरले योसेफलाई किन सुरक्षा दिनुभयो ?

- किनभने योसेफलाई तिनी आफू पापमा जन्मिएको कुरा थाहा थियो ।
- किनभने योसेफलाई तिनको पापले आत्मिक मृत्युको दण्ड ल्याउँछ भन्ने थाहा थियो ।
- किनभने योसेफलाई केवल परमेश्वरले मात्रै तिनलाई बचाउँन सक्नुहुन्छ भन्ने थाहा थियो ।
- किनभने योसेफले परमेश्वरमा विश्वास गरे त्यसैले परमेश्वरले तिनलाई बचाउन उद्धारकर्ता पठाउनुहुनेवाला थियो ।
- योसेफ झ्यालखानमा परेका बेलामा परमेश्वरले तिनलाई बिर्सनुभयो होला भनी तपाईं ठान्नुहुन्छ ?
- ठान्दिनँ ।
- अर्को पाठमा हामी परमेश्वरले योसेफका निम्ति झ्यालखानमा के गर्नुभयो त्यो कुरा पढनेछौं ।